"सबै नेपालीहरु प्रभुमा बाँचुन्, परमेश्वरको ज्ञानमा बढून्, र महान आज्ञा पूरा गर्न मिशनको कार्यमा सहभागी होऊन्"

# बप्तिस भ्वाईस

The Baptist Voice

वर्ष ५ अंक ३ | त्रैमासिक पत्रिका | जुलाई-सेप्टेम्बर, २०१५

## BWAको २१ औ महाधिवेशन सम्पन्न



*महाधिवेशनको एक झलक ।*

जुलाई २२-२६, २०१५ मा बप्तिस वर्ल्ड एलान्स्को २१ औ महाधिवेशन साउथ अफ्रिकाको डुर्वान शहरमा सम्पन्न भएकोछ। "येशू खीष्ट ढोका हुनुहुन्छ" भन्ने मुख्य प्रसंगमा संचालित उक्त महाधिवेशनमा ८० राष्ट्रहरुका विभिन्न बप्तिस मण्डली र संघसस्थाबाट २५०० भन्दा बढि सहभागीहरुको सहभागीता रहेको थियो।

जुलाई २२ तारिखका दिन लगभग २०० भन्दा बढि प्रतिनिधिहरुमाझ BWA परिषद्को प्रतिनीधिमुलक बैठक भएको थियो । जहाँ BWA को विधानका केहि भागहरु संशोधन, वार्षिक योजना प्रस्तुत र नयाँ कार्यकारिणी समितिको अनुमोदन गर्ने विषयमा छलफल गरि पारित गर्ने कार्य भएको थियो ।

जुलाई २२ तारिख साँझ तत्कालिन अध्यक्ष डा. श्री जोन अप्टोन ज्यूको प्रार्थनाबाट महाधिवेशन सुरु भएको थियो । उक्त कार्यक्रममा BWA को महासचिव डा. श्री नाभिल कलामले स्वागत गर्नु भएको थियो भने संगीत समुहले स्तुति प्रशंसामा अगुवाई गरेका थिए । डा. श्री पिटर चिनले येशू खीष्ट उज्यालोको ढोका हुनुहुन्छ भन्ने विषयमा आशिषमय वचन दिनुभएको थियो ।

यसरी येशू खीष्ट ढोका हुनुहुन्छ भन्ने विषयलाई जोड दिनको लागि अन्य उप प्रसंगहरु विभिन्न वक्ताहरुले बोल्नु भएको थियो । येशू खीष्ट उज्यालोको ढोका हुनुहुन्छ, येशू खीष्ट स्वतन्त्रताको ढोका हुनुहुन्छ, येशू खीष्ट अगुवापनको ढोका हुनुहुन्छ, येशू खीष्ट प्रेमको ढोका हुनुहुन्छ, येशू खीष्ट सुन्नुहुने र सिकाउनु हुने ढोका हुनुहुन्छ र येशू खीष्ट जीवनको ढोका हुनुहुन्छ भन्ने उप प्रसंगमा क्रमश: डा. पिटर चिन, रेभ. दीमीत्रीना अप्रेनोभा, डा. एन्थोनी क्यारोल, डा. डोनाल्ड डीचाफा, डा. लुईस सिल्भाडो र डा. जोयल ग्रेगोरीले येशू खीष्ट ढोका हुनुहुन्छ भने मुख्य प्रसंगलाई जोड दिदै आशिषमय र चुनौतीपूर्ण वचन बाड्नु भएका थियो ।




यी वाहेक पनि आराधना तथा संगति, मिशन तथा सुसमाचर, स्वतन्त्रता तथा न्याय, सहयोग र विकास, पाष्टरीय सेवकाई, र युवा सेवकाईको विषयमा कार्यशालाहरु भएका थिए जसमा अनुभवी शिक्षक तथा प्राध्यापकहरुले सहजीकरण गर्नुभएको थियो । साथै विभिन्न विषयहरुका प्रर्दशनीहरु पनि राखिएका थिए ।

यस महाधिवेशनमा नेपाल बप्तिस मण्डली परिषद्का प्रतिनिधित्व गर्दै परिषद् महासचिव रेभ. जीरमान राई सहभागी हुनुभएको थियो । उक्त अवसरमा BWAका प्रतिनिधि रेभ. बोनी रेशूद्वारा महासचिव ज्यूको अन्तर्वाता लिइएको थियो। उहाँले परिषद् र यससँग आवद्ध मण्डली र संगतिहरुको गतिविधिहरुबारे संक्षिप्त जानकारी गराउनुका साथै गत जेष्ठ महिनामा गएको महाभुकम्प र यसको अवसर को बारेमा पनि बताउनुभएको थियो। *बाँकी पृ.नं. ४*

## तालिममा सहभागी

मलेशिया बप्तिस थिओलोजिकल सेमिनारीले पास्टर, युवा अगुवा र बाल संगतिका शिक्षकहरुका लागि वार्षिक रुपमा आयोजना गर्ने मिशन तालिममा नेपाल बप्तिस मण्डली परिषद्बाट दुई जना सहभागी हुनुभएको थियो । २०१५, जुलाई ६ देखि ३१ तारिखमा उक्त तालिममा नेपाल बप्तिस मण्डली परिषद्का मिशन निर्देशक रेभ. विजय थापा र मध्यमाञ्चल क्षेत्रिय बप्तिस मण्डली संघका अध्यक्ष पा. मोहन चम्लागाई सभागी हुनुभएको थियो। यस अत्तरसंस्कृतिक मिशन तालिममा मिशनको रुपमा शिक्षा, युवा विकास पाठ्यक्रम र अत्तरसंस्कृतिमा बाइबलको व्याख्या वा सिकाई गरि प्रमुख तीन विषयमा सिकाइएको थियो । हामीले सेवकाई गर्दा त्यस ठाँउका भाषा, संस्कृति र त्यसको महत्व बुच्नु जरुरी हुन्छ र सोही अनुसार वचन प्रचान गर्नुपर्दछ । साथै मलेसियाको पेनाङ्गमा रहेको १० भिन्न भिन्न नेपाली संगतिहरुमा भ्रमण गरि त्यहाँका विश्वासीहरुलाई परमेश्वरको वचनद्वारा उत्साह दिनुभएको थियो ।

## मलेशियाबाट मिशन भ्रमण



*महासचिव मिशन निर्देशकसँग मिशन टिम ।*

मिति २०१५, अगष्ट २०-३१ तारिखमा मलेसिया बप्तिस थिओलोजिकल सेमिनारी (MBTS) का विद्यार्थीहरु मिशन ट्रिपमा नेपाल आएका थिए । पाँच जना विद्यार्थीहरुको समुहलाई परिषद्का मिशन निर्देशक रेभ. विजय थापाले चितवन जिल्लाका विभिन्न बप्तिस मण्डली र संगतिहरुमा लानुभएको थियो । उक्त अवसरमा विद्यार्थीहले स्थानीय मण्डली र संगतिहरुको भ्रमण गरि स्थानीय पास्टर अगुवाहरुसँग भेटघाट गरि उहाँहरुलाई उत्साह दिने काम गर्नुभएको थियो । साथै अगष्ट २३ र २४ तारिखका दिन पडरिया बप्तिस मण्डली, चितवनमा २ दिने अगुवापन सेमिनार पनि संचालन गरिएको थियो । ३५ जना स्थानीय



*चितवनमा स्थानीय मण्डलीमा संगति गर्दै मिशन टिम ।*

पास्टर तथा अगुवाहरुको सहभागता रहेको उक्त सेमिनार मा विद्यार्थीहरुले स्वस्थ परिवार, चेलापन, आत्मिक वृद्धि, सेवकाईमा तनावलाई कसरी व्यवस्थापन गर्ने, आदि विषयमा सिकाउनुभएको थियो । चितवन, ललितपुर र काठमाडौंका विभिन्न मण्डलीका नियमित आरधना संगतिमा वचनको सेवकाई पनि गर्नुभएको थियो। यो भ्रमणले स्थानीय मण्डलीहरु लाभान्वित हुनुका साथै मलेसिया बप्तिस थियोलोजिकल सेमिनारीसँगको हाम्रो सम्बन्ध अझ मजबुत भएकोछ ।

## म.क्षे.ब.म.सं.को सेमिनार



*सेमिनारमा सहभागी दिदिबहिनिहरु ।*

मिति २०१५ सेप्टेम्बर २८ देखि ३० तारिखसम्म सामदान बप्तिस मण्डली, गंगबुमा मध्य क्षेत्र बप्तिस महिला संगतिको सेमिनार सम्पन्न भयो । स्थानीय पास्टर लोक बहादुर गोले ज्यूले शुरुको प्रार्थना गर्नुभएको थियो भने म.क्षे.ब.म.सं.का सदस्य रित महर्जनले संचालन गर्नुभएको थियो । "परमप्रभको भयले जीवनतिर डोऱ्याउँछ" हितोपदेश १९:२३ (क) प्रशङ्गमा संचालित यो सेमिनारमा मध्यमाञ्चलका २० वटा मण्डली तथा संगतिहरुबाट १०० जना दिदी बहिनीहरुको सहभागीता रहेको थियो। गेत्समनी बप्तिस मण्डली, चितवनको डिकन प्रकाश वस्याल, ईमा अर्याल, ने.ब.म.सं.का अध्यक्ष मिना थापा र सचिव शान्ती राईले उपस्थित दिदि बहिनिहरुलाई उत्साहपूर्ण र चुनौतीपूर्ण वचन बाड्नुभएको थियो । यस सेमिनारमा शिपमुलक तथा व्यवहारिक तालिम पनि दिइएको थियो । उपस्थित सम्पूर्ण दिदिबहिनीहरुलाई ३ समुहमा विभाजीत गराई मासुको अचार, सजावटको फुल र दुलहीको घुम्टो बनाउने सिप क्रमश: निर्मला राई, रेनी राई र अस्मीता राईले सिकाउनुभएको थियो । साथै नेपाल बप्तिस मण्डली परिषद्को संशोधित विधानको बारेमा परिषद् महासचिव रेभ. जीरमान राईले प्रष्ट पार्नुएको थियो



*दुलहीको घुम्टो बनाउन सिकाउदै अस्मिता राई ।*

# VBYF का कार्यक्रमहरु

उपत्यका बप्तिस युवा संगतिको आयोजनामा जुलाई सेप्टेम्बर महिनामा विभिन्न अन्तर मण्डली प्रतियोगताहिरु संचालन भएकोछ। यस संगतिले उपत्यकाका तीन जिल्लाहरु ललितपुर, काठमाण्डौं र भक्तपुरका बप्तिस मण्डलीमा हरेक महिनाको दोश्रो हप्ता नियमित घुम्ति संगति गर्दै आइरहेकोछ। यही क्रममा मण्डलीका युवाहरुको चौतर्फी विकास र युवाहरु माझ सुसमाचार, संगति, प्रार्थना र आपसी भेटघाटको मुख्य उद्देश्यले विभिन्न प्रतियोगिताहरु आयोजना गरिएको थियो। जुलाई ११ तारिखका दिन सामदान बप्तिस मण्डलीमा आयोजीत




किशोर किशोरीहरुको आजिरी जवाफ प्रतियोगितामा सिम्रन श्रेष्ठ-धापाखेल बप्सिस मण्डली प्रथम, सृजना मगर-शक्तिशाली बप्तिस मण्डली र आस्मा महर्जन-धापाखेल बप्तिस मण्डली संयुक्त रुपमा दोश्रो र सुशिला महर्जन-धापाखेल बप्तिस मण्डली तेश्रो हुनुभएको थियो। अगष्ट २ तारिख सम्पन्न भेट्रान फुटसल प्रतियोगितामा बहुउद्देशीय सामुदायीक विकास सेवा प्रथम, लिभिङ्ग बप्तिस मण्डली



नखिपोट डिकनबोर्ड दोश्रो हुनुभएको थियो। अगष्ट ८ तारिख शक्तिशाली बप्तिस मण्डलीमा सम्पन्न भएको टेबलटेनिस प्रतियोगतिमा पुरुष एकल स्पर्धामा बुद्ध लामा-महिमा बप्तिस मण्डली भैंलेपाटी प्रथम, प्रभात राणा-लिभिङ्ग बप्तिस मण्डली नखिपोट दोश्रो र ध्यानश्वर राई-लिभिङ्ग बप्तिस मण्डली ठैब तेश्रो हुनुभएको थियो यसैगरि महिना एकत स्पर्धामा सारा राई-लिभिङ्ग बप्तिस मण्डली नखिपोट प्रथम, जेनिशा राई-लिभिङ्ग बप्तिस मण्डली ठैब दोश्रो र रेनी राई सामदान बप्तिस मण्डली तेश्रो हुनुभएको थियो भने पुरुष डबल्स्मा कृष्ण जिरेल र सुशिल बाँनिया-महिमा बप्तिस मण्डली भैंलेपाटी प्रथम, प्रभात राणा र सुजन तामाङ्ग-लिभिङ्ग बप्तिस मण्डली नखिपोट दोश्रो र ध्यानश्वर राई र बरदान राई-लिभिङ्ग बप्तिस मण्डली ठैब तेश्रो हुनुभएको थियो। सेप्टेम्बर ६ तारिख आयोजित अन्तर मण्डली खुला फुटसल प्रतियोगितामा पुरुष तर्फ लिभिङ्ग बप्तिस मण्डली ठैब प्रथम, महिमा बप्तिस मण्डली भैंसेपाटी दोश्रो र सुनाकोठी बप्तिस संगति तेश्रो हुनुभएको थियो र महिला तर्फ सामदान बप्तिस मण्डली प्रथम र शक्तिशाली बप्तिस मण्डली दोश्रो हुनुभएको थियो।। सेप्टेम्बर १२ तारिखका दिन धापाखेल बप्तिस मण्डलीमा संचालन गरि एको अन्तर मण्डली रनिङ्ग शिल्ड बाइबल हाजिरी जवाफ प्रतियोगितामा शक्तिशाली बप्तिस मण्डली प्रथम, लिभिङ्ग बप्तिस मण्डली नखिपोट दोश्रो र लिभिङ्ग बप्तिस मण्डली धुम्बाराही तेश्रो हुनुभएको थियो।




# मध्यमाञ्चल क्षेत्रिय बप्तिस मण्डली संघको तालिम तथा साधारण सभा




मिति २०१५ सेप्टेम्बर २१ देखी २३ सम्म उपत्यका र यसको छिमेकी जिल्लाका मण्डलीका अगुवाहरुको लागि इसाई अगुवापन सम्बन्धमा तालिम भएको थियो। अमेरिकाका रोनाल्ड एच. पिटजले इसाई नेतृत्व विषयमा सिकाउनु भएको थियो भने सेवक परिवार र नेतृत्व विषयमा परिषद्का कोषाध्यक्ष पा. राजेन्द्र मल्ल र असल अगुवपनको विषयमा परिषद्का अध्यक्ष रेभ. रत्न बहादुर राईले सिकाउनु भएको थियो।

२३ सेप्टेम्बरका दिन मध्यमाञ्चल क्षेत्रिय बप्तिस मण्डली संघको साधरण सभा भएको थियो। यस कार्यक्रममा परिषद् का अध्यक्ष रेभ. रत्न बहादुर राई, महासचिव रेभ. जीरमान



राई, मिशन निर्देशक रेभ. विजय थापा र विभिन्न विभागका प्रतिनिधिहरु लगायत मध्यमाञ्चल क्षेत्रका ३२ वटा मण्डली तथा संगतिका प्रतिनिधीहरुको उपस्थिती रहेको थियो। उक्त अवसरमा क्षेत्रका सचिव दिपक कुमार लामिछानले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। प्रतिवेदन अनुसार हाल मध्यमाञ्चल क्षेत्रमा १९ वटा जिल्ला मध्ये १० जिल्लाहरुमा बप्तिस मण्डलीहरु तथा संगति रहेको जसमा ४३ वटा मण्डलीहरु र ४६ वटा मिशन प्वाइट अर्थात संगतिहरु, ३२२० बप्तिस्मा लिएका सदस्यहरु रहेको, ४८ जना अभिषिक्त पास्टरहरु र १२ जना प्रचारकहरु रहेकाछन्। यसै गरि १२ जना पास्टर तथा अगुवाहरुले सि.टि.एच. अध्ययन पुरागरि नेपाल बप्तिस बाइबल कलेजबाट दिक्षान्तीत हुनुभएकोछ। बैशाख १२ गतेको भुकम्पले प्रभाव पारेको मण्डलीहरुलाई यस क्षेत्रमार्फत सहायता गरिएको, पास्टरीय परामर्श तालिम रिट्रिट, विभिन्न तालिम संचालन गरिएको थियो। साथै सन् २०१६ को लागि अनुमानित बजेट र कार्यक्रमहरु प्रस्तुत गरि प्रस्ताव सर्वसम्मतिले अनुमोदन गरिएको थियो। यस साधारण सभामा परिषद्का महासचिव रेभ. जीरमान राईले परिषद्को बारेमा र कोषाध्यक्ष पा. राजेन्द्र मल्लले संशोधित विधान सम्बन्धमा प्रस्ट गर्नु भएको थियो।

सन् २०१७ मा नेपाल बप्सित मण्डली परिषद्को महाधिवेशन हुने र सोही वर्ष सबै संघ र विभागको अनिवार्य अधिवेशन गर्नु पर्ने भएको हुँदा वर्तमान कार्यसमितिलाई नै २०१७ सम्म निरन्तर दिने भनि गरिएको प्रस्तावलाई सम्पूर्ण प्रतिनिधिहरुले सर्व सम्मतीले स्वीकार गरेको थियो। समितिमा अध्यक्ष पा. मोहन चम्लागाई-चापागाँउ बप्सित मण्डली ललितपुर, उपाध्यक्ष पा. रुवेन चौधरी-पडरिया बप्तिस मण्डली चितवन, कोषाध्यक्ष पा. राजु थुलुङ्ग- लिभिङ्ग बप्सित मण्डली धुम्बाराही, सदस्यहरुमा पा. प्रवेश सुब्बा-काठमाण्डौ बप्तिस मण्डली, पा. लाल बहादुर गुरुङ-अर्पण बप्तिस मण्डली चितवन, पा.देवराज भण्डारी-म्यासेडोनिया बप्तिस मण्डली, धुलिखेल काभ्रे, प्रकाश सोनामी-मेघौली बप्तिस मण्डली, चितवन, दिपक सेन्चुरी - सिन्धुली बप्तिस मण्डली र सचिवमा दिपक लामिछाने - लिभिङ्ग बप्सित मण्डली ललितपुर हुनुहुन्छ।

## प्राथाना भेला

मध्यमाञ्चल क्षेत्रिय बप्तिस मण्डलीको आयोजनामा मिति २०१५ सेप्टेम्बर १५ मा काठमाण्डौ उपत्यकाका मण्डलीका अगुवाहरु र केही मिशनरी मिलि नेपाल बप्सित मण्डली परिषद्को कार्यलयमा र मिति २०१५ सेप्टेम्बर १७ मा चितवनमा भएको मण्डलीको अगुवाहरु मिली भरतपुर बप्तिस मण्डलीमा नेपालको पूर्वको मण्डलीमा भएको घटना र वर्तमान पूर्व पश्चिममा भएको राजनैतिक घटना, मण्डली, मिशनरी परिवार, संघ सस्था र देशमा रहेको विभिन्न पार्टी र सरकारी विभिन्न निकाय (कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकीय), संविधान घोषणा लगायत अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय विषयहरु माथि एकैमनको भई प्रार्थना गरिएको थियो।







## नेपाल बप्तिस बाइबल कलेजको १७ औं दिक्षान्त समारोह सम्पन्न



दिक्षान्तीत विद्यार्थीहरुसँग पछि सामुहिक तस्बिर खिचाउँदै ।

नेपाल बप्तिस बाइबल कलेजको १७ औं दिक्षान्त समारोह ललितपुरको लिभिङ्ग बप्तिस मण्डली, नखिपोटमा २०१५, जुलाई २६ तारिखमा सम्पन्न भएको थियो । उक्त अवसरमा ५ जना बि.टि.एच. तहका र १२ जना सि.टि.एच. तहका विद्यार्थीहरु दिक्षान्तीत हुनुभएको थियो । जुलाई २५ तारिख साँझ कलेजका सम्पूर्ण विद्यार्थी, कर्मचारी साथै शिक्षकहरुको लागि दिक्षान्त रात्रीभोजको आयोजना गरिएको थियो । उक्त रात्रीभोजमा स्थानीय पास्टर तथा अगुवाहरु, दिक्षान्तीत विद्यार्थीहरुका परिवार र इष्टमित्रहरुले दिक्षान्तीत विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिनुभएको थियो। साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय शुभचिन्तकहरु, अगुवाहरु तथा अतिथिहरुको उपस्थिति रहेको थियो । कलेजका प्राध्यापक जेम्स लालनुन्लुअले संचालन गर्नुभएको यस कार्यक्रमका प्रमुख वक्ता पा. जोन नारायण राई हुनुहुन्थ्यो । रेभ. बिमल सोदेम्बाले शुरुको प्रार्थना र बाइबल कलेजका समिति सदस्य पा. दिपकराज राईले कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथि तथा विद्यार्थीहरुलाई स्वागत गर्नुभएको थियो । प्रिन्सीपल सुवास प्रधानले कलेजको संक्षिप्त इतिहास र भविष्यको आशा बारे बताउनुभएको थियो भने परिषद्का संस्थापक महासचिव रेभ. हरि गुरुङ्गले सर्मपणको प्रार्थनामा अगुवाई गर्नुभएको थियो । नेपाल बप्तिस मण्डली परिषद्को अध्यक्ष रेभ.पा. रत्न बहादुर राईले प्रमाण-पत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा बि.टि.एच. तहका दिक्षान्तित विद्यार्थीहरुलाई विभिन्न विधामा अवार्ड प्रदान गरिएको थियो जसमा उत्कृष्ट एकेडेमिक अवार्ड (शिर), उत्कृष्ट फिल्ड मिनिष्ट्री अवार्ड (हृदय) र अनुशासन अवार्ड (हात) क्रमशः सुब्बा बहादुर बस्नेत (पावल), लेविना पोखेल, राजन राईलाई प्रदान गरिएको थियो भने दिक्षान्तित विद्यार्थीहरुलाई उत्साहको लागि केही रकम पनि प्रदान गरिएको थियो । बि.टि.एच. तहका विद्यार्थीहरुको तर्फबाट सुब्बा बहादुर बस्नेत (पावल) र सि.टि.एच. तहका विद्यार्थीहरुका तर्फबाट रामजी चौधरी (रुबेन) ले कृतज्ञता तथा धन्यवाद प्रकट गर्नुभएको थियो र परिषद्का अध्यक्ष रेभ.पा. रत्न बहादुर राईल आशिषको प्रार्थना गरि कार्यक्रम समापन गर्नुभएको थियो ।

## आलुम्नी भेटघाट



नयाँ समितिसँग प्रधानअध्यापक सुवास प्रधान ।

बाइबल कलेजका भूतपूर्व विद्यार्थीहरुको तेश्रो भेटघाट जुलाई २५, २०१५ मा सम्पन्न भएको थियो । बाइबल कलेजको कार्यालयमा भएको उक्त भेटघाटमा पा. नरहरी राईको अध्यक्षतामा रहेको पुरानो समितिलाई विघठन गरि पा.आइमान राईको अध्यक्षतामा नयाँ समिति गठन गरिएको थियो । एघार जनाको उक्त समिति गठनको क्रममा समितिको संरचना, काम कतर्व्य सहित अन्य विभिन्न विषयमा छलफल भएको थियो । नयाँ समितिमा उपाध्यक्षः अस्मिता राई, सचिवः निर्मला लाई, कोषाध्यक्षः सुष्मा के.सी. र सदस्यहरुः निरपति राई, हिरा मगर, रुवेन चौधरी, ज्ञान बहादुर रायमाझी, हनोक राई, पर्शु मगर, दल बहादुर मगर रहनुभएकोछ ।

## सि.टि.एच. कार्यक्रम



सि.टि.एच. तालिमका सहभागीहरु ।

मिति २०१५ जुलाई २० देखि २४ तारिखसम्म लिभिङ्ग बप्तिस मण्डली, नखिपोटमा सि.टि.एच. तालिम सम्पन्न भएकोछ । बाइबल कलेज र मध्यमाञ्चल श्रेत्रिय बप्तिस मण्डली संघका संयुक्त आयोजनामा सम्पन्न उक्त तालिममा ३३ जना पास्टर तथा अगुवाहरुको सहभागीता रहेको थियो । ग्रेस बप्तिस मण्डली, बौध र मध्यमाञ्चल क्षेत्र केन्द्र गरि दुई वटा केन्द्रका विद्यार्थीहरुलाई संयुक्त तालिम दिएको थियो । बाइबल कलेजका प्रधानअध्यापक सुवास प्रधान ज्यूले "वचन तयारी र प्रस्तुति" विषयमा सहभागीहरुलाई सिकाउनुभएको थियो । उक्त तालिममा सहभागीहरुलाई आफ्नो वचन प्रचार गर्ने सिप वा क्षमताको अभ्यास र प्रस्तुति गर्ने अवसर पनि दिइएको थियो ।

## नेपाल बप्तिस अन्य गतिविधिहरु



*Spiritual Retreat* का सामुहिक तस्बिर ।

### विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम

नेपाल बप्तिस बाइबल कलेजमा २०१५ सत्र बि.टी.एच. तहका लागि ५ जना छात्रा र ४ जना छात्र गरि जम्मा १६ जना नयाँ विद्यार्थीहरु भर्ना भएकाछन् । नयाँ विद्याथीहरु रुपा रायमाझी, कविता राई, सुशन श्रेष्ठ, आशा थापा, रेशु लिम्बु, अजय श्रेष्ठ, प्रकाश मगर, सन्तोस परियार र पंकज कुमार कुशावाह हुनुहुन्छ । यसैगरि अगष्ट १० तारिखका दिन नयाँ विद्यार्थीलाई स्वागत गर्न विशेष कार्यक्रम गरिएको थियो । स्वागत उपहार प्रदान, नृत्य, नाटक तथा गित प्रस्तुति, नाटक साथै विभिन्न मनोरञ्नात्मक प्रस्तुतिहरुद्वारा पुराना विद्यार्थीहरुले नयाँ विद्यार्थीहरुलाई स्वागत गरेका थिए । साथै नयाँ विद्यार्थीहरुले पनि सामुहित गित र नृत्यद्वारा धन्यवाद प्रकट गरेको थिए । उक्त कार्यक्रममा कलेजका कर्मचारीहरु, प्राध्यापकहरु, विदेशी पाहुनाहरु र केही भूतपूर्व विद्यार्थीहरु र स्थानीय पास्टरको उपस्थिति रहेको थियो ।

### कार्यशाला गोष्ठि

मिति २०१५, अगष्ट २८ तारिखका दिन बाइबल कलेजको आयोजनामा "Public Speaking" शिर्षकमा १ दिने कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । कलेजको सभाहलमा सम्पन्न यस गोष्ठीमा कलेजका सम्पूर्ण विद्यार्थीहरु, कर्मचारीहरु साथै प्राध्यापकहरु सहभागी हुनुभएको थियो। यस गोष्ठीका सजहकर्ताको रुपमा पत्रकार तथा माइका नेटवर्क नेपालका राष्ट्रिय संयोजक पा. थिर के.सी.ले सहजीकरण गर्नुभएको थियो । संचारको प्रकार, संचारको सिप र संचारमा गर्न हुने र गर्न नहुने कुराहरु मुख्य विषयवस्तु रहेको थियो । यस कार्यशाला गोष्ठीले सहभागीहरुको संचार क्षमता विकास गर्न सहयोग पुगे कोछ ।

### Spiritual Emphasis Week

मिति २०१५, सेप्टेम्बर १४-१८ तारिखलाई बाइबल कलेजले आत्मिकी जोड सप्ताह (Spiritual Emphasis Week) र १९-२० तारिख आत्मिक रिट्रिट (Spiritual Retreat) को रुपमा मनाइएकोछ । विद्यार्थीहरुलाई आत्मामा वृद्धि र बलियो हुनलाई वार्षिक यो कार्यक्रम गरिन्छ । १४ तारिख बिहान उपवास, प्रार्थना र स्तुति प्रसंशाबाट शुरु गरिएको यस कार्यक्रममा रेभ. महेश प्रसाद थान्जु, पा. तिमोथी के.सी., पा. डेविड आचार्य, रेभ. लोकनाथ मनेन् लगायत वक्ताहरुले विद्यार्थीहरुलाई परमेश्वरसँगको आत्मिक यात्रामा हिड्न उत्साह दिनुभएको थियो । गोदावरी आश्रम, ललितपुरमा आवास सहित दुई दिनको रिट्रट कार्यक्रम गरिएको थियो । यस कार्यक्रममा विभिन्न रोचक तथा शिक्षामुलक क्रियाकलापहरु गरिएको थियो ।

"यो हप्ता मैले (आत्मिकी) सुन भेटाएकोछु, अब यसलाई सुरक्षित साथ जीवनभरि राख्ने चुनौती रहेकोछ" - *ललितमान लामिछाने, बि.टि.एज. तेश्रो वर्ष*



स्वागत कार्यक्रममा उपहार प्रदान गर्दै ।

## BWAको २१ औं महाधिवेशन......

जसले परिषद् र नेपालको बारे पहिचान दिनुको साथै सहकार्यका ढोकाहरु खोल्ने मौका मिल्यो । यो परिषद्को लागि ठूलो आशिष हो ।

जुलाई २५, २०१५ साँझको भेला नि:वर्तमान अध्यक्ष डा. श्री जोन अप्टोनले आगामी पाँच वर्षको लागि BWA परिषद्ले अनुमोदन गरेका BWA नयाँ कार्यसमितिका बारेमा जानकारी र अनुमोदनको लागि महाधिवेशनमा पेस गर्नु भएको थियो र यस समितिलाई सर्वसहमतिले पारित गरिको थियो । यसरी BWA को २१ औं महाधिवेशन सफलताका साथ सम्पन्न भएको थियो । नव समितिमा अध्यक्ष श्री पावल सीजा, महासचिव डा. श्री नेभिले कलाम प्रथम उपाध्यक्ष श्री जान साभ्रे कोषाध्यक्ष श्री कारोलिन फोसेन र उपाध्यक्षहरु श्री इमेस्ट आधु ग्याम्फी, श्री जेरी कार्लिस्ले, श्री जुलेस कासेस्यस, श्री तपन चौधारी, श्री मियोङ चुङ्ग, श्री माइकल ओकाकूल, श्री डीमीत्रीना ओप्रेनोभा, श्री जर्ज क्यून्टेरोस, श्री लुइस रोवेर्टो श्री नाओमी टेलर लोयड र श्री अन्स्लेम वरिक हुनुहुन्छ

## जीवन गवाही

मेरो नाम सुशन श्रेष्ठ हो र म केशरबाघ बप्तिस मण्डली, चितवनको सदस्य हूँ । मेरो परिवारमा पाँच जना सदस्यहरु छौं । म चार वर्षकी हुदाँ मेरी आमाको बिरामीको कारणले मेरो सम्पूर्ण परिवारले येशूलाई हाम्रो प्रभु र मुक्तिदाता भनि ग्रहण गर्‍यौं । मेरी आमा धेरै वर्षदेखि मानसिक रोगले ग्रस्त हुनुहुन्थ्यो । उहाँको उपचारको लागी हामीले चिनेका र जानेका सबै डाक्टरहरुलाई देखायौं तर कुनै पनि डाक्टरले आमाको रोग निको पार्न सकेन । तर एकदिन एकजना आफन्तले येशू ख्रीष्टको बारेमा हामीलाई बताउनुभयो र येशूले हर किसिमको रोग निको पार्न सक्नुहुन्छ भनेर भन्नुभयो र हाम्रो परिवारले येशूलाई ग्रहण गर्‍यो । तीन महिनापछि मेरी आमा पूर्णरुपमा निको हुनुभयो र यो अचम्मको घटना देखेर हामी एकदमै चकित भयौं । यसपछि हाम्रो परिवार प्रभुमा दिनप्रतिदिन बढ्दै र परिपक्क हुदै गयौं । हामीलाई परमेश्वरमा अगाडी बढ्न सहयता गर्नुभएको लागि परमेश्वर र मण्डलीको पास्टरलाई धेरै धेरै धन्यवाद ।

जब म स्कुलमा थिए, म एक कुशल स्टाफ नर्स बन्न चाहन्थे । बिरामीहरुको सेवा र सहयोग गर्ने मेरो ठूलो इच्छा भएता पनि हाम्रो परिवारको आर्थीक अवस्थाको कारणले म स्टाफ नर्स पढ्न सकिन । तर एकदिन दुई महिने बाइबल तालिमको लागि नागाल्यान्ड जाने अवसर पाएँ । उक्त तालिममा इन्डोनेशियाबाट आउनुभएका एकजना शिक्षकले दर्शनको बारेमा सिकाउनुभयो । यही सिकाईको क्रममा सबै विद्यार्थीहरुलाई आफ्नो जीवनमा परमेश्वरको यो जना थाहा पाउन चुनौती दिनुभयो र प्रार्थनामा परमेश्वरसँग सोध्न उत्साह दिनुभयो । त्यही समय म घुँडा टेकी परमेश्वरलाई मेरो जीवनमा उहाँको योजना प्रकट गर्न प्रार्थना गरें । केही दिनपछि मैले एउटा सपना देखें, सपनामा चट्टानमाथि बसिरहेको एकजना बुढो मानिसले मलाई औल्याउदै “शरीर र आत्मामा कुनचाँहि बचाउन महत्वपूर्ण छ ?” भनि प्रश्न सोध्यो तर यस प्रश्नको जवाफ दिन सकिन । त्यस बिहान म सधैं झै बिहानको कक्षामा गएँ, मैले राती देखेको सपना बिर्सीसकेको थिएँ । तर दुई दिनपछि अचानक त्यो सपना सम्झें र शिक्षकलाई बताएँ । उहाँले परमेश्वरको बोलावट र मेरो नर्स बन्ने चाहनाको बारेमा बताउनुभयो । मलाई यो थाहा भयो कि यदि म नर्स भएको भए मानिसको शरीरको मात्र सेवा गर्न सक्थे तर मैले ख्रीष्टलाई पछ्याए भने धेरै आत्माहरु बचाउन सक्छु । मैले यो पनि महसुस गरे कि मानिसको भौतिक शरीर बचाउनुभन्दा आत्मा बचाउनु चाँही धेरै महत्वपुर्ण छ । परमेश्वरको यो स्पष्ट बोलावट पश्चात् एक विश्वास योग्य से वक हुन र मानिसहरुलाई प्रभावकारी रुपमा परमेश्वरको वचन सुनाउन औपचारिक बाइबल अध्ययन गनु पर्छ भनि महसुस भयो । यसरी म बाइबल कलेज आएँ, आशा छ मेरो जीवनमाा परमेश्वरको योजना पुरा गर्न यस बाइबल कलेजद्वारा उहाँका दासहरुलाई प्रयोग गर्नँहुनेछ ।

*- सुशन श्रेष्ठ, बि.टि.एच. प्रथम वर्ष*

## बहुउद्देश्यीय सामुदायीक विकास सेवाको गतिविधिहरु

### १८ औं साधारण सभा सम्पन्न



*नयाँ कार्यसमितिहरुसँग साधारण सभामा उपस्थित सहभागीहरु ।*

मिति २०७२ भाद्र ११ गते यस बहुउद्देश्यीय सामुदायीक विकास सेवा ब.सा.वि.से.को १८ औं साधारण सभा भव्यताका साथ सम्पन्न भयो । उक्त साधारण सभा बिहान ११ बजे देखि ४ बजे सम्म होटल सिद्धार्थ कटेज, धोबीघाटमा सम्पन्न भएको थियो । सो साधारण सभामा लगभग ४५ जनाको उपस्थिती रहेको थियो । उक्त सभामा ब.सा.वि.से.का कार्यकारी निर्देशक श्री दिपकराज राईद्वारा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । साथै कोषाध्यक्ष श्रीमती सुनिता राईले गएको आ.व.२०७१।०७२ को आर्थिक प्रतिवेदन पेश गर्नुभएको थियो । यस साधारण सभाले पुरानो कार्यसमितिलाई विगठन गरि उपस्थित जनहरुको सर्वसहमतिमा डा. हिम बहादुर गुरुङ्गको अध्यक्षतामा नयाँ कार्यसमितिको चयन गरेको थियो । अन्य कार्यसमितिहरुमा श्री भुपेन्द्र भण्डारी उपाध्यक्ष, श्रीमती सुनिता राई सचिव, श्री राम नारायण मगर कोषाध्यक्ष र श्री बाबुराम गिरी, रुबेन चौधरी, नारायण प्रसाद राई, सबिना चामलिङ्ग सदस्यमा मनोनित गरियो । अन्त्यमा आशिषको प्रार्थना गरि उक्त साधारण सभा आशिषमय रुपले सम्पन्न भयो ।

### स्फियर तालिम

बहुउद्देश्यीय सामुदायिक विकास सेवा तथा बप्तिस ग्लो बल रेस्पोन्स्, संयुक्त राज्य अमेरिका को संयुक्त आयो जनामा स्फियर तालिम सम्पन्न भएकोछ । हान्कुक ईन् प्रा.लि. खरिबोट, ललितपूरमा अगस्ट ३१ देखि सेप्टेम्बर ४ तारिखसम्म संचालित उक्त तालिममा नेपाल बप्तिस मण्डली परिषद्का विभागहरु र क्षेत्रिय संघहरु लगायत अन्य विभिन्न संघ संस्थाहरुबाट सहभागीहरु आउनुभएको थियो । विपत्मा परेका मानिसहरुलाई उद्धार तथा राहातको काममा संलग्न भएर देश तथा विदेशका जुनसुकै ठाउँमा गएर अन्तराष्ट्रिय मापदण्ड अनुसार सहायता पुऱ्याउन सक्ने दक्ष जनशक्ति तयार गर्ने प्रमुख उद्देश्य सहित संचालन गरिएको यस कार्यक्रमबाट २९ जना सहभागीहरुलाई अन्तराष्ट्रिय मापदण्डको राहात तथा उद्धारको कार्यमा दक्ष जनशक्ति बनाउनमा सफल भएको छ । यस तालिममा बि.जि.आर.का डा. पाथ, फ्रान्किस् होर्टन र मिशनरी डेविड ले सिकाउनुभएको थियो ।

### ब.सा.वि.से.का परियोजना विवरण

गएको बैशाख १२ र २९ गते गएको आम विनासकारी भुकम्प पछि बहुउद्देश्यीय सामुदायिक विकास सेवाले देशका विभिन्न जिल्लाहरुमा राहात तथा पुनर्स्थापनाका साथै नियमित परियोजनाका कार्यहरु संचालन गर्दै आएको छ । उक्त कार्य सम्पन्न गर्न तल उल्लेखित परि योजनाहरु संचालन गदै भुकम्प प्रभावित तथा नियमित परियोजना मार्फत समुदायलाई मलहम लगाउने कार्य बहुउद्देश्यीय सामुदायिक विकास सेवा ले गदै आएकोछ ।

हाल संचालनार्थ परियोजनाहरु :

१. Community Health and Education Project (CHEP): केरावारी, मोरङ्ग
२. Health Education for Lay People (HELP): छम्पी, ललितपुर
३. Community Health and Engineering for Social Transformation (CHEST): दाउन्ने देवी, नवलपरासी
४. Disaster Relief and Recovery Project (DRRP): दोलखाको काभ्रे गा.वि.स र ललितपुरको मानिखेल, शंखु र बुखेल गा.वि.स.हरु
७. Church Base Community Development (CBCD): नेपालभरी
८. Community Support and Relief Project (CSRP): दोलखा, लमजुङ्ग, ललितपुर (मानिखेल, शंखु, बुखेल, चौघरे र छम्पी) काभ्रेपलाञ्चोक, (रयाले र जैशीथोक) काठमाण्डौं र गोरखा ।




*तालिमका सहभागीहरु र प्रशिक्षकहरुको सामुहिक तस्विर ।*

यस बप्तिस भ्वाईसमा मण्डलीका विभिन्न गतिविधि, लेख, रचना तथा तपाईंहरुको कुनै पनि सुझाव सल्लाह, प्रतिकृयाहरु निम्न ठेगानामा पठाई सहयोग गर्न हुन अनुरोध गर्दछौं ।-सम्पादक मण्डल

POB 8975 EPC 1051; Kathmandu, Nepal
Email : baptistvoice2011@gmail.com

| नाम र ठेगाना | |
|---|---|
| | |
| | |
| | |
| | |



सम्पादक मण्डल : रेभ. विजय थापा, दिपक लामिछाने, ध्यानश्वर राई । सल्लाहकार : रेभ. जिरमान राई